नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय
नारायणहिटी, काठमाडौं
जि.प्र.का. द.नं.: ०४७/०६३/६४

# प्रतिलिपि अधिकार बुलेटिन
# Copyright Bulletin

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको वार्षिक प्रकाशन

आषाढ २०८२ | Issue-35 | July 2025

## यस भित्र

- नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयबाट आ.व. ०८१/८२ मा सम्पन्न भएका मुख्य कार्यक्रमहरु
- प्रतिलिपि अधिकार सम्बन्धी कानून कार्यान्वयनको अवस्था र सुधारका क्षेत्रहरू तथा स्रष्टाले प्राप्त गर्ने रोयल्टी विषयमा विभिन्न जिल्लामा भएका कार्यक्रमहरु
- प्रतिलिपि अधिकार सम्बन्धी कानून र रोयल्टी संकलन सम्बन्धी व्यवस्था र अभ्यासका सम्बन्धमा कानून अध्यापन गराउने विश्वविद्यालय र क्याम्पसका प्राध्यापक, अध्ययनरत कानूनका विद्यार्थी र संघ संस्थाहरुसँगको अन्तरक्रिया तथा छलफल
- प्रतिलिपि अधिकार कानून सम्बन्धमा स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारी एवम् सरोकारवाला पक्षहरुसँग सचेतनामूलक छलफल तथा अन्तरक्रिया कार्यक्रम
- विश्व पुस्तक तथा प्रतिलिपि अधिकार दिवस (World Book and Copyright Day 2025)
- विश्व बौद्धिक सम्पत्ति दिवस (World Intellectual Property Day 2025)
- विश्व संगीत दिवस २०२५ (World Music Day 2025)
- प्रस्तोता, ध्वनिअंकन उत्पादक र प्रसारण संस्थाहरुको अधिकार संरक्षण सम्बन्धी अन्तराष्ट्रिय महासन्धि (रोम महासन्धि, १९६१) को नेपाल पक्ष राष्ट्र बन्ने सम्बन्धमा प्रारम्भिक अध्ययन प्रतिवेदन उपर छलफल तथा अन्तरक्रिया कार्यक्रम
- कार्यालयमा विभिन्न विधामा दर्ता भएका रचनाहरुको विवरण
- सामुहिक व्यवस्थापन संगठन (CMOs) : चिनारी

यदि तपाईसंग बौद्धिक सम्पति, प्रतिलिपि अधिकार एवं तत्सम्बन्धी अधिकारका विषयमा कुनै कानूनी वा अन्य जिज्ञासा भएमा आफूलाई लागेका प्रश्नहरु हामीलाई लेखी पठाउनु होला । यस बुलेटिनका आगामी अकंहरुमा तपाईका प्रश्नहरुको उत्तर दिने प्रयास गर्नेछौं ।

धन्यवाद ।

सम्पादक मण्डल:
सबिता कार्की, रजिष्ट्रार
उत्तम प्रसाद दवाडी, कम्प्युटर अधिकृत
अशेष तामाङ, शाखा अधिकृत
कमल राज पौडेल, लेखापाल
सुशिला के.सी, नायब सुब्बा
डिजाइन तथा कम्प्युटर
स्वेतकाली छापाखाना
इमेल
info@nepalcopyright.gov.np
वेब पेज
www.nepalcopyright.gov.np
Audio Notice Board
१६१८०१४४३११५५

## नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय: एक चिनारी




साहित्य, संङ्गीत, कला, वास्तुकला, चलचित्र, ज्ञान-विज्ञान र सूचना प्रविधि जस्ता क्षेत्रमा मानव मस्तिष्कले गरेका सिर्जनाहरूको संरक्षण गर्दै सर्जकका आर्थिक र नैतिक अधिकारको प्रत्याभूति गर्न एवं ती सिर्जनालाई विभिन्न माध्यमबाट जनसमक्ष लैजाने ध्वनिअङ्कन उत्पादक, प्रस्तोता र प्रसारण संस्था जस्ता तत्सम्बन्धी अधिकार प्राप्त हुने व्यक्ति तथा निकायहरूको अधिकार संरक्षणको कार्य गर्न प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको स्थापना भएको हो । प्रतिलिपि अधिकारका विभिन्न विधामा स्थापना हुने रोयल्टी सङ्कलन संस्थाहरूको रेखदेख, नियमन र नियन्त्रण गर्ने यसको अर्को अभिप्राय रहेको छ । स्रष्टा, सर्जक र रचयिताको मौलिक र बौद्धिक हितको प्रवर्द्धन गर्नु नै यो कार्यालय स्थापनाको प्रमुख आधार हो । यस कार्यालयले स्रष्टा-सर्जकका अधिकार संरक्षणार्थ प्रतिलिपि अधिकार ऐन, २०५९ र नियमावली, २०६१ का प्रावधानलाई छिटो, छरितो, प्रभावकारी, पारदर्शी र जवाफदेहीपूर्ण रूपमा कार्यान्वयन गर्ने कार्यमा उल्लेख्य योगदान गर्दै आएको छ ।

प्रतिलिपि अधिकार र तत् सम्बन्धी अधिकार (Copyright & Related Rights) को प्रभावकारी संरक्षणको लागि छुट्टै कार्यालय स्थापनाको अपरिहार्यता निकै अघिदेखि महसुस भएकोले तत्कालीन श्री ५ को सरकार (मं.प.) को मिति २०६०।१२।२६ को निर्णयानुसार मिति २०६१।१।७ गते नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय स्थापना भई सञ्चालनमा आएको छ ।

हाल यस प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय नारायणहिटी दरवार संग्रहालय परिसरमा पश्चिम पट्टि रहेको छ । कार्यालयलाई गुगल म्यापको माध्यमद्वारा सर्च गर्दा P878+X8F Kathmandu (गुगल प्लस कोड) मा पाउन सकिन्छ । कार्यालयसँग विद्युतीय माध्यमबाट सम्पर्क गर्दा कार्यालयको फोन नं. ०१-४५३९३०५, इमेल info@nepalcopyright.gov.np मा सम्पर्क गर्न सकिन्छ । कार्यालयले आर्थिक वर्ष

२०७९/८० देखि सेवाग्राहीहरूले आफ्नो रचना दर्ता अनलाइन प्रणाली मार्फत् मात्र गर्न सकिने गरी व्यवस्था गरेको छ। system.nepalcopyright.gov.np मार्फत् आफ्नो रचना/सिर्जना दर्ता गर्न सकिन्छ। साथै रचना दर्ता प्रमाणपत्र समेत सर्जकले सोही प्रणालीबाट डाउनलोड गरी प्राप्त गर्न सक्छन्। यस प्रकारको सेवाबाट सर्जक कलाकारले आफूले सिर्जना गरेको बौद्धिक रचना, ध्वनिअङ्कन, प्रस्तुति वा प्रसारणलाई सरल र सहज ढङ्गबाट अनलाइन दर्ता गराउन सक्नेछन्। दर्ताका लागि कार्यालय समय पर्खिरहनुपर्ने र कार्यालयमा नै पुग्नु पर्ने झन्झटबाट सेवाग्राही मुक्त भएका छन।

**कार्यालयको ठेगाना: Google Map**








# सम्पादकीय

मानवबाट मौलिक तथा बौद्धिक रूपले सिर्जित रचना, ध्वनिअङ्कन, प्रस्तुति र प्रसारण आदिको कानूनद्वारा स्रष्टालाई प्रदान गरिने एकलौटी अधिकारलाई प्रतिलिपि अधिकार भनिन्छ। कला, साहित्य र विज्ञानको विकासका लागि अत्यन्तै महत्वपूर्ण प्रतिलिपि अधिकारको महत्व बुझी त्यसको संरक्षण तथा विकास गर्न जरुरी छ। नेपालमा वि.सं. २०२२ सालमा जारी गरिएको प्रतिलिपि अधिकार ऐनलाई परिमार्जन गरी प्रतिलिपि अधिकार ऐन, २०५९ र प्रतिलिपि अधिकार नियमावली, २०६१ कार्यान्वयनमा रहेको छ। साथै नेपाल विश्व बौद्धिक सम्पत्ति सङ्गठनको सदस्य, विश्व व्यापार सङ्गठनको सदस्य र वर्न अभिसन्धिको पक्ष राष्ट्र समेत भइसकेको छ।

प्रतिलिपि अधिकार व्यवस्थाले देशको साहित्य, कला, संस्कृति र आर्थिक क्षेत्रमा टेवा पुऱ्याउँछ। सिर्जनात्मक उद्योगको विकासबाट कुल ग्राहस्थ उत्पादनमा समेत योगदान दिन्छ। यस प्रकाशनको अध्ययनबाट प्रतिलिपि अधिकारका सम्बन्धमा स्रष्टा कलाकार, उत्पादक तथा आम जिज्ञासुलाई आर्थिक वर्ष २०८१/८२ मा यस कार्यालयबाट सम्पन्न भएका प्रवर्द्धनात्मक कार्यहरू, बौद्धिक सम्पत्ति सम्बन्धी राष्ट्रिय दिवसहरू, रचना दर्ता विवरण तथा जानकारीमूलक पुस्तिका प्रकाशन लगायतको बारेमा जानकारी प्राप्त हुनेछ।

प्रतिलिपि अधिकार ऐन, २०५९ को संशोधनको प्रकृया अगाडि बढाइएको छ। रोयल्टी सङ्कलनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट जारी भएका निर्देशनहरू र रोयल्टीलाई कानूनी रुपमा बाध्यकारी बनाउन भएका छलफल तथा प्रयासहरूको सकारात्मक प्रभावको पनि अपेक्षा गरिएको छ। दृष्टिबिहीन, दृष्टिक्षमता न्यून भएका र छापा सामग्री पढ्न नसक्नेका लागि प्रतिलिपि अधिकारमा विशेष व्यवस्था गर्न अन्तर्राष्ट्रिय सन्धि माराकश ट्रिटि (Marrakesh Treaty) २०१३ को नेपाल पक्ष राष्ट्र बन्ने सम्बन्धमा प्रकृया अगाडि बढाइएको छ। आगामी दिनहरूमा स्रष्टा सर्जक, कलाकारहरू एवं प्रतिलिपि अधिकार तथा सम्बन्धित अधिकार (Neighbouring Rights) धनीहरूलाई मनासिब माफिकको रोयल्टी उपलब्ध गराउन सकिने आशाको किरण देखा परेको छ। प्रतिलिपि अधिकार तथा सम्बन्धित अधिकारका क्षेत्रमा आर्थिक वर्षभरि भए गरेका कार्यहरूको टिपोट गरी यस विषयका विज्ञ, सरोकारवालाहरू एवं आम जनसमुदायमा जानकारी दिन यस बुलेटिन तयार गरिएको छ। बुलेटिन तयारीमा संलग्न कार्यालयका सहकर्मी लगायत सबैमा हार्दिक धन्यवाद दिन चाहन्छु। यसमा भएका कमी कमजोरी एवं केही छुटेका विषय औंल्याई दिनु भएमा आगामी प्रकाशनमा सुधार गरिने छ। प्रतिलिपि अधिकार सम्बन्धमा आम सरोकारवालाहरूमा जानकारी दिन ध्यान आकर्षण गर्न यस प्रकाशन सफल हुने विश्वास लिएको छ।

## नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयबाट आ.व. ०८१।८२ मा सम्पन्न भएका मुख्य कार्यक्रमहरू

| क्र.स | कार्यक्रम | स्थान | संख्या |
|---|---|---|---|
| १ | नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको आयोजनामा प्रतिलिपि अधिकार कानून कार्यान्वयन गर्ने निकायमा कार्यरत प्रहरी निरीक्षक, सरकारी वकिल, भन्सार अधिकृत, श्रेष्तेदार र तहसिलदारहरू लगायत श्रष्टा स्रर्जकसँग अन्तरक्रिया तथा छलफल | नुवाकोट, म्याग्दी र ताप्लेजुङ | ३ वटा |
| २ | नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको आयोजनामा प्रतिलिपि अधिकार कानून सम्बन्धमा स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारी एवं सरोकारवाला पक्षहरूसँग सचेतनामूलक छलफल तथा अन्तरक्रिया कार्यक्रम | काभ्रे | १ वटा |
| ३ | नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको आयोजनामा सरोकारवाला विश्वविद्यालय र क्याम्पसमा कानून अध्यापन गराउने प्राध्यापक, कानूनका विद्यार्थीहरूसँगको अन्तरक्रिया तथा छलफल कार्यक्रम | काठमाडौं | १ वटा |
| ४ | विश्व पुस्तक तथा प्रतिलिपि अधिकार दिवस २०८२ (२३ अप्रिल २०२५) को अवसरमा सरोकारवालाहरूसँग अन्तरक्रिया कार्यक्रम, विश्व बौद्धिक सम्पत्ति दिवस र विश्व सङ्गीत दिवस | काठमाडौं | ३ वटा |
| ५ | Rome Convention १९६१ को नेपाल पक्षराष्ट्र बन्ने सम्बन्धमा छलफल कार्यक्रम | काठमाडौं | १ वटा |

# प्रतिलिपि अधिकार सम्बन्धी कानून कार्यान्वयनको अवस्था र सुधारका क्षेत्रहरू तथा स्रष्टाले प्राप्त गर्ने रोयल्टी विषयमा विभिन्न जिल्लामा भएका कार्यक्रमहरू

## नुवाकोट

प्रतिलिपि अधिकार सम्बन्धी कानून कार्यान्वयन गर्ने नुवाकोट जिल्ला स्थित कार्यालयहरू जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला न्यायाधिवक्ताको कार्यालय लगायत विभिन्न सरकारी कार्यालयका अधिकृत तथा कर्मचारीहरू, प्रतिलिपि अधिकारसँग सम्बन्धित विभिन्न साहित्य, सङ्गीत सम्बन्धी संस्थाका प्रमुख र प्रतिनिधिहरू, यातायात व्यवसायीहरू, सञ्चारकर्मी सहितका व्यक्तिहरूलाई प्रतिलिपि अधिकार र सम्बन्धित अधिकारका सम्बन्धमा कानूनी प्रावधान र सुधारका क्षेत्रहरूका बारेमा जानकारी गराउने र अनुभव आदान प्रदान गर्ने उद्देश्यले मिति २०८१ फागुन ९ गतेका दिन जिल्ला प्रशासन कार्यालय, नुवाकोटको सभाहलमा एक दिवसीय छलफल तथा अन्तरक्रिया कार्यक्रम आयोजना गरियो ।

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यालयका रजिष्ट्रार श्री सबिता कार्कीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमको प्रमुख आतिथ्यता नुवाकोट जिल्ला अदालतका माननीय न्यायाधीश शुभाषबाबु पुरीज्यूले गर्नु भएको थियो ।

जिल्ला प्रशासन कार्यालय नुवाकोटका प्रमुख जिल्ला अधिकारी श्री रामकृष्ण अधिकारी विशिष्ट अतिथि रहनुभएको उक्त कार्यक्रममा प्रहरी प्रमुख, गीत सङ्गीत क्षेत्रसँग सम्बन्धित संस्थाका प्रमुख एवं प्रतिनिधि, गीतकार, सुरक्षा निकायका प्रतिनिधिहरू, जिल्ला स्थित विभिन्न सरकारी कार्यालयका प्रमुख एवं कर्मचारीहरू बौद्धिक सम्पत्ति सम्बन्धी अभियानमा संलग्न व्यक्तिहरू लगायत सञ्चारकर्मी सहित कूल ७६ जना व्यक्तिहरूको सहभागिता रहेको थियो ।

प्रतिलिपि अधिकार सम्बन्धी अधिकारका सम्बन्धमा यसको ऐतिहासिक पृष्ठभूमि, विद्यमान कानूनी अवस्था, रोयल्टी सम्बन्धी संस्थाको कानूनी प्रावधान, गठन र यसका कार्यहरू एवं प्रतिलिपि अधिकार उल्लघंनमा पर्ने उजुरीमा अनुसन्धान, अभियोजनमा आईपर्ने समस्या समेतका विषयमा सम्बद्ध पक्षहरूवीच कानूनी प्रावधान, जनचेतनाको स्तर र यसको सुधारका क्षेत्रहरू विषयमा जानकारी गराउने कार्यक्रमको उद्देश्य रहेको थियो ।

कार्यक्रममा आसन ग्रहण र सहभागीहरूको परिचय पश्चात् नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका कम्प्युटर अधिकृत उत्तम प्रसाद दवाडीले स्वागत मन्तव्य राख्नु भएको थियो । कार्यक्रमका प्रमुख अतिथि नुवाकोट जिल्ला अदालतका माननीय न्यायाधीश शुभाषबाबु पुरीज्यूले कार्यक्रमको समुद्घाटन गर्नु भएको थियो ।

कार्यक्रममा बौद्धिक सम्पत्तिको अर्थ, विशेषगरी प्रतिलिपि अधिकारसँग सम्बन्धित विषयमा यसको अवधारणा, ऐतिहासिक पृष्ठभूमि,





अन्तर्राष्ट्रिय कानून, सन्धिहरू, नेपालमा भएको कानूनी र संस्थागत व्यवस्था, रोयल्टी सङ्कलन सम्बन्धी संस्थाको स्थापना, यसका मूलभूत कार्यहरू एवं प्रतिलिपि अधिकार उल्लघंनका विषयमा पर्ने उजुरी माथिको अनुसन्धानका कानूनी तथा व्यवहारिक पक्ष समेतमा कार्यपत्र प्रस्तुत भयो । कार्यक्रममा प्रस्तुत भएको कार्यपत्र माथि सहभागीहरूबाट उठेका विभिन्न प्रश्न एवं जिज्ञासाहरूका विषयमा कार्यपत्र प्रस्तुत कर्ताबाट विषयवस्तुमा स्पष्ट पारिएको थियो ।

कार्यक्रममा प्रस्तुत गरिएका कार्यपत्रहरू उपर भएको छलफलको हिसाबले कार्यक्रम अत्यन्त प्रभावकारी भएको पाइयो । प्रतिलिपि अधिकार संरक्षणका लागि कानूनको कार्यान्वयनमा मुख्य भूमिका निर्वाह गर्ने जिल्लास्तर कार्यालयका अधिकृत तथा कर्मचारीहरूको साथै श्रष्टा, सर्जक एवं संचारकर्मीहरूको उल्लेख्य सहभागिता रहेको कार्यक्रममा प्राप्त राय प्रतिक्रिया, अनुभव आदान प्रदान आदि समेतको आधारमा कार्यक्रम अत्यन्त सफल भएको थियो ।

## म्याग्दी

प्रतिलिपि अधिकार सम्बन्धी कानून कार्यान्वयन गर्ने निकायहरू, जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला सरकारी वकीलको कार्यालय र जिल्ला स्थित सरकारी कार्यालयका अधिकृत तथा प्रतिनिधि कर्मचारीहरू, स्रष्टा, सर्जक कलाकार,



व्यावसायी एवम् सञ्चारकर्मी लगायतको सहभागितामा प्रतिलिपि अधिकार सम्बन्धी कानूनी प्रावधानहरू, कानून कार्यान्वयनका चुनौतीहरू र सुधारका प्रयासहरू सम्बन्धमा जानकारी प्रदान गर्ने साथै अनुभव आदानप्रदान गर्ने उद्देश्यका साथ एक दिवसीय अन्तरक्रिया कार्यक्रम मिति २०८१/१२/२८ गते बिहीबार जिल्ला प्रशासन कार्यालय म्याग्दीको सभाहलमा आयोजना गरिएको थियो । कार्यक्रममा आमन्त्रण गरिएका अतिथि एवम् विभिन्न क्षेत्रमा आबद्ध सहभागीहरूको उल्लेख्य सहभागिता रहेको थियो ।

कार्यक्रमको अध्यक्षता नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार सबिता कार्कीज्यूले गर्नुभएको थियो । प्रमुख अतिथि र विशिष्ट अतिथिको आतिथ्यता क्रमश माननीय जिल्ला न्यायाधीश प्रकाशप्रसाद पण्डित र प्रमुख जिल्ला अधिकारी गुरुदत्त ढकालज्यूले गर्नुभएको थियो । साथै जिल्ला स्थित सरकारी कार्यालयका प्रमुख र प्रतिनिधिहरू, स्रष्टा, सर्जक कलाकार, कानून व्यावसायी, सञ्चारकर्मी, व्यावसायी, कर्मचारीहरू एव् सुरक्षाकर्मीहरू सहित कार्यक्रममा कुल ९० जना सहभागीहरूको उपस्थिति रहेको थियो ।

प्रतिलिपि अधिकारका सम्बन्धमा अन्तराष्ट्रिय सन्धि सम्झौता, विद्यमान कानुनी व्यवस्था, रोयल्टी सङ्कलन तथा वितरण गर्ने संस्थाको भूमिका, प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको भूमिका, प्रतिलिपि अधिकार उल्लंघन भएमा पर्ने उजूरीको सम्बन्धमा अनुसन्धान अभियोजनका प्रकृया र त्यस्तो अभियोजन अनुसन्धानहरूमा सुधार गर्नुपर्ने विषयहरूका सम्बन्धमा सरोकारवाला निकाय, कर्मचारी एवम् आम नागरिकलाई जानकारी गराउने साथै सहभागीका तर्फबाट सुझावहरू समेत ग्रहण गर्ने कार्यक्रमको उद्देश्य रहेको थियो ।




कार्यक्रममा सरोकारवालाहरूको उल्लेख्य संख्यामा सहभागिताका साथै कार्यपत्र प्रस्तुतीकरणको समयमा देखिएको उत्साह एवं उठाइएका प्रश्न तथा जिज्ञासाका आधारमा कार्यक्रम अत्यन्त प्रभावकारी देखियो । कार्यक्रममा विभिन्न क्षेत्रहरूसँग सरोकार राख्ने सहभागीहरू स्रष्टा, कलाकार, कर्मचारी, कानून व्यावसायी, सञ्चारकर्मी लगायतबाट कार्यक्रम अत्यन्त फलदायी भएको पृष्ठपोषण सहितको सकारात्मक प्रतिक्रिया प्राप्त भएको थियो ।

## ताप्लेजुङ

प्रतिलिपि अधिकार सम्बन्धी कानून कार्यान्वयन गर्ने निकायहरू, जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला सरकारी वकीलको कार्यालय र जिल्ला स्थित सरकारी कार्यालयका अधिकृत तथा प्रतिनिधि कर्मचारीहरू साथै स्रष्टा सर्जक कलाकार,व्यावसायी एवम् सञ्चारकर्मी लगायतको सहभागितामा प्रतिलिपि अधिकार सम्बन्धी कानूनी प्रावधानहरू राष्ट्रिय तथा अन्तराष्ट्रिय कानून कार्यान्वयनका चुनौतीहरू र सुधारका प्रयासहरू सम्बन्धमा जानकारी प्रदान गर्ने साथै अनुभव आदान प्रदान गर्ने उद्देश्यका साथ एक दिवसीय अन्तरक्रिया कार्यक्रम मिति २०८२/०२/२० गते मंगलबार फुङलिङ नगरपालिकाको कार्यालय, ताप्लेजुङको सभाहलमा आयोजना गरिएको थियो । कार्यक्रममा आमन्त्रण गरिएका अतिथि एवम् विभिन्न क्षेत्रमा आबद्ध सहभागीहरूको उल्लेख्य सहभागिता रहेको थियो ।

कार्यक्रमको अध्यक्षता नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार, सबिता कार्कीज्यूले गर्नुभएको थियो । प्रमुख अतिथि र विशिष्ट अतिथि क्रमश माननीय जिल्ला न्यायाधीश विकास श्रेष्ठ र प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माज्यूले गर्नुभएको थियो । साथै जिल्ला स्थित सरकारी कार्यालयका प्रमुख र प्रतिनिधिहरू, स्रष्टा, सर्जक, कलाकार, कानून व्यावसायी, सञ्चारकर्मी, व्यावसायी, कर्मचारीहरू




एव् सुरक्षाकर्मीहरू सहित कार्यक्रममा कुल ८० जना सहभागीहरूको उपस्थिति रहेको थियो ।

प्रतिलिपि अधिकारका सम्बन्धमा अन्तराष्ट्रिय सन्धि संझौता, विद्यमान कानुनी व्यवस्था, रोयल्टी सङ्कलन तथा वितरण गर्ने संस्थाको भूमिका, प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको भूमिका, प्रतिलिपि अधिकार उल्लंघन भएमा पर्ने उजूरीको सम्बन्धमा अनुसन्धान,



अभियोजनका प्रकृया र त्यस्तो अनुसन्धान, अभियोजनका क्रममा आईपर्ने समस्याहरू र सुधार गर्नुपर्ने विषयहरूका सम्बन्धमा सरोकारवाला निकाय, संघ सस्था, कर्मचारी एवम् आम नागरिकलाई जानकारी गराउने साथै सहभागीका तर्फबाट सुझावहरू समेत ग्रहण गर्ने कार्यक्रमको उद्देश्य रहेको थियो ।

कार्यक्रममा जम्मा दुई वटा कार्यपत्रहरू प्रस्तुतीकरण गरिएको थियो । पहिलो कार्यपत्र प्रतिलिपि अधिकार संरक्षण र यसका विविध पक्षहरू विषयमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार सबिता कार्कीज्यूबाट प्रस्तुतीकरण गर्नुभएको थियो । त्यसैगरी प्रतिलिपि अधिकार उल्लंघनमा पर्ने उजुरीको अनुसन्धान अभियोजनका विविध पक्षहरू विषयमा कार्यक्रमका विशिष्ट अतिथि प्रमुख जिल्ला अधिकारी नेत्र प्रसाद शर्माज्यूबाट दोस्रो कार्यपत्र प्रस्तुतीकरण गर्नुभएको थियो ।

कार्यक्रममा सरोकारवाला एवम् सहभागीहरूको उल्लेख्य संख्याका साथै सहभागीहरूमा देखिएको उत्साह, कार्यपत्र माथि उठाइएका प्रश्न तथा जिज्ञाशाका आधारमा कार्यक्रम अत्यन्त प्रभावकारी देखियो । कार्यक्रममा विभिन्न क्षेत्रहरूसँग सरोकार राख्ने सहभागीहरू श्रष्टा, कलाकार, कर्मचारी, कानून व्यावसायी, सञ्चारकर्मी लगायतबाट प्राप्त पृष्टपोषणको आधारमा कार्यक्रम अत्यन्त सफल भएको थियो ।

## "प्रतिलिपि अधिकार सम्बन्धी कानून र रोयल्टी संकलन सम्बन्धी व्यवस्था र अभ्यासका सम्बन्धमा कानून अध्यापन गराउने विश्वविद्यालय र क्याम्पसका प्राध्यापक, अध्ययनरत कानूनका विद्यार्थी र संघ संस्थाहरूसँगको अन्तरक्रिया तथा छलफल"

"प्रतिलिपि अधिकार सम्बन्धी कानून र रोयल्टी सङ्कलन सम्बन्धी व्यवस्था र अभ्यासका सम्बन्धमा कानून अध्यापन गराउने विश्वविद्यालय र क्याम्पसका प्राध्यापक, अध्ययनरत कानूनका विद्यार्थी र संघ संस्थाहरूसँग, प्रतिलिपि अधिकारसँग सम्बन्धित विभिन्न साहित्य, सङ्गीत सम्बन्धी संस्थाका प्रमुख र प्रतिनिधिहरू, पत्रकार, सञ्चारकर्मी सहितका व्यक्तिहरूलाई प्रतिलिपि अधिकार र सम्बन्धित अधिकारका सम्बन्धमा प्रतिलिपि अधिकार सम्बन्धी कानूनी प्रावधान, रोयल्टी सम्बन्धी व्यवस्था र अभ्यास आदिका बारेमा जानकारी गराउने र अनुभव आदान प्रदान गर्ने उद्देश्यले एक दिवसीय अन्तरक्रिया तथा छलफल कार्यक्रमको आयोजना मिति २०८१ चैत्र ८ गते नीति अनुसन्धान प्रतिष्ठानको सभाहल, नारायणहिटी, काठमाडौंमा गरियो । उक्त कार्यक्रममा आमन्त्रण गरिएका कानून संकाय अध्ययन गर्ने विभिन्न कलेजका विद्यार्थी, कर्मचारी, प्राध्यापकका साथै संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका कर्मचारीहरू, सञ्चारकर्मी लगायत यस क्षेत्र सम्बद्ध कूल ६५ जना व्यक्तिहरूको सहभागिता रहेको थियो ।






नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यलयका रजिष्ट्रार श्री सबिता कार्कीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमको प्रमुख आतिथ्यता संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, संस्कृति महाशाखा प्रमुख सहसचिव सुरेश सुरश श्रेष्ठज्यूले गर्नु भएको थियो ।

प्रतिलिपि अधिकार सम्बन्धी अधिकारका सम्बन्धमा यसको ऐतिहासिक पृष्ठभूमी, विद्यमान कानूनी अवस्था, रोयल्टी सम्बन्धी संस्थाको कानूनी प्रावधान, गठन र यसका कार्यहरू एवं प्रतिलिपि अधिकार उल्लङ्घन सम्बन्धमा पर्ने उजूरीमा अनुसन्धान, अभियोजनमा आईपर्ने समस्या समेतका विषयमा कानून अध्यापन गराउने विश्वविद्यालय र क्याम्पसका प्राध्यापक, अध्ययनरत कानूनका विद्यार्थीहरू एवं सञ्चारकर्मी सहितका व्यक्तिहरूलाई जानकारी गराउने कार्यक्रमको उद्देश्य रहेको थियो ।

कार्यक्रममा प्रस्तुत भएको कार्यपत्र माथि सहभागीहरूबाट विभिन्न प्रश्न, जिज्ञासा र राय, प्रतिक्रियाहरू व्यक्त भएका थिए । छलफलमा उठेका विषयमा कार्यपत्र प्रस्तोताहरूबाट सम्बोधन गरिएको थियो ।

कार्यक्रममा बौद्धिक सम्पत्तिको अर्थ, विशेषगरी प्रतिलिपि अधिकार र सम्बन्धित अधिकार (Neighbouring Rights) विषयमा यसको अवधारणा, ऐतिहासिक पृष्ठभूमी, अन्तरर्राष्ट्रिय कानून, सन्धिहरू, नेपालमा यस विषयमा भएको कानूनी, संस्थागत व्यवस्थाको स्थिति, रोयल्टी संकलन सम्बन्धी संस्थाको स्थापना, यसका मूलभूत कार्यहरू एवं प्रतिलिपि अधिकार उल्लघंनका विषयमा पर्ने उजुरी माथिको अनुसन्धानका कानूनी तथा व्यवहारिक पक्ष समेतमा कार्यपत्र प्रस्तुत भएको थियो ।

## प्रतिलिपि अधिकार कानून सम्बन्धमा स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारी एवम् सरोकारवाला पक्षहरूसँग सचेतनामूलक छलफल तथा अन्तरक्रिया कार्यक्रम

प्रतिलिपि अधिकार कानून सम्बन्धमा धुलिखेल नगरपालिकाका जनप्रतिनिधिहरू, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय,जिल्ला सरकारी वकिलको कार्यालय र जिल्ला स्थित सरकारी कार्यालयका अधिकृत तथा प्रतिनिधि कर्मचारीहरू साथै स्रष्टा सर्जक र कलाकार, व्यवसायी एवम् सञ्चारकर्मी लगायतको सहभागितामा प्रतिलिपि अधिकार सम्बन्धी कानूनी प्रावधानहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून कार्यान्वयनका चुनौतीहरू र सुधारका प्रयासहरू सम्बन्धमा जानकारी प्रदान गर्ने साथै अनुभव आदानप्रदान गर्ने उद्देश्यका साथ एक दिवसीय अन्तरक्रिया कार्यक्रम मिति २०८१/१२/२२ गते शुक्रबार धुलिखेल नगरपालिकाको सभाहलमा आयोजना गरिएको थियो । कार्यक्रममा आमन्त्रण गरिएका अतिथि एवम् विभिन्न क्षेत्रमा आबद्ध सहभागीहरूको उल्लेख्य सहभागिता रहेको थियो ।

कार्यक्रमको अध्यक्षता नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार, सबिता कार्कीज्यूले गर्नुभएको थियो । प्रमुख अतिथि र विशिष्ट अतिथि क्रमश धुलिखेल नगरपालिकाका नगर प्रमुख अशोक कुमार ब्यञ्जु श्रेष्ठ र नगर उप प्रमुख निराजन जंगमज्यूले गर्नुभएको थियो । साथै जिल्ला स्थित सरकारी कार्यालयका प्रमुख र प्रतिनिधिहरू, स्रष्टा र सर्जक, कलाकार, कानून व्यवसायी, सञ्चारकर्मी, व्यवसायी, कर्मचारीहरू एवम् सुरक्षाकर्मीहरू, स्थानीय तहका जनप्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

प्रतिलिपि अधिकारका सम्बन्धमा अन्तर्राष्ट्रिय सन्धि सम्झौता, विद्यमान कानुनी व्यवस्था, प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको




भूमिका, रोयल्टी सङ्कलन तथा वितरण गर्ने संस्थाको भूमिका, प्रतिलिपि अधिकार उल्लंघन भएमा पर्ने उजुरीको सम्बन्धमा अनुसन्धान, अभियोजनका प्रकृया र त्यस्तो अनुसन्धान, अभियोजनका क्रममा आईपर्ने समस्याहरू र सुधार गर्नुपर्ने विषयहरूका सम्बन्धमा जनप्रतिनिधि, सरोकारवाला निकाय, सङ्घ संस्था, कर्मचारी एवम् आम नागरिकलाई जानकारी गराउने उद्देश्यले आयोजना गरिएको कार्यक्रममा कार्यालयका पूर्व रजिष्ट्रार एवं बौद्धिक सम्पति संरक्षण समाजका अध्यक्ष बिसु कुमार के.सी.ले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा सरोकारवाला एवम् सहभागीहरूको उल्लेख्य सहभागीताका साथै सहभागीहरूमा देखिएको उत्साह, कार्यपत्र माथि उठाइएका प्रश्न तथा जिज्ञासाका आधारमा कार्यक्रम अत्यन्त प्रभावकारी देखियो । कार्यक्रममा विभिन्न क्षेत्रहरूसँग सरोकार राख्ने सहभागीहरू जनप्रतिनिधि, स्रष्टा, कलाकार, कर्मचारी, कानून व्यवसायी, सञ्चारकर्मी लगायतबाट कार्यक्रम अत्यन्त फलदायी भएको भनि सकारात्मक प्रतिकृयाहरू प्राप्त भएकोले यस्ता अन्तरक्रिया तथा छलफल कार्यक्रम अन्य स्थानीय तहहरूमा सञ्चालन गर्न उपयुक्त हुने देखिन्छ ।

## विश्व पुस्तक तथा प्रतिलिपि अधिकार दिवस (२३ अप्रिल २०२५) का अवसरमा काठमाडौंमा आयोजना गरिएको अन्तरक्रिया तथा छलफल

सन् १९९५ मा फ्रान्सको पेरिसमा सम्पन्न भएको संयुक्त राष्ट्रसङ्घीय शैक्षिक तथा सांस्कृतिक सङ्गठन, युनेस्कोको एक महासभाले अप्रिल २३ को दिन "विश्व पुस्तक तथा प्रतिलिपि अधिकार दिवस" को रूपमा मनाउने घोषणा गरेको थियो । महान् लेखक तथा विश्वका सुप्रसिद्ध





नाटककार विलियम सेक्सपियरको पूण्यतिथि पनि २३ अप्रिलको दिन नै पर्दछ । युनेस्कोले पुस्तक अध्ययन, प्रकाशन र बौद्धिक अधिकार प्रवर्द्धन गर्नका लागि यो दिवस मनाउँदै आएको छ । सर्जकहरूले सृजना गरेको बौद्धिक सम्पत्तिको रक्षा गर्न अनि सर्जकका रचनाहरूको अनधिकृत प्रयोगलाई रोकथाम गरि यो कार्य अवैध हो भनी सचेतना बढाउन प्रतिलिपि अधिकार दिवस मनाइन्छ। प्रतिलिपि अधिकार लेखक वा मौलिक कामका सिर्जनाकर्ताहरूलाई सामान्यतया सीमित समयको लागि विशेष अधिकारहरू प्रदान गर्न सरकारहरूद्वारा लागू गरिएको अधिकार हो। नेपालमा सर्वप्रथम वि.सं. २०२२ मा प्रतिलिपि अधिकार सम्बन्धी कानुन लागू भएको थियो । अहिले प्रतिलिपि अधिकार ऐन, २०५९ र प्रतिलिपि अधिकार नियमावली, २०६१ कार्यान्वयनमा रहेको छ ।

दिवसको अवसरमा आयोजित कार्यक्रममा पाठ्यक्रम विकास केन्द्रका महानिर्देशक श्री इमनारायण श्रेष्ठ, नेपाल पुस्तक तथा स्टेशनरी



व्यवसायी महासंघका सचिव महेश शर्मा, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका शाखा अधिकृत श्री सुभद्रा गौतम, बौद्धिक सम्पत्ति संरक्षण समाज नेपालका अध्यक्ष, श्री विसु कुमार के. सी., ग्रीनफिल्ड एजुकेशन फाउण्डेशन अन्तर्गतका शिक्षणसंस्थाका शिक्षकहरू तथा विद्यार्थीहरू, कार्यालयका कर्मचारीहरू लगायत कुल ८२ जनाको सहभागिता रहेको थियो । रजिष्ट्रार श्री सविता कार्कीको अध्यक्षतामा भएको उक्त कार्यक्रम शाखा अधिकृत श्री अशेष तामाङले सञ्चालन गर्नु भएको थियो ।

अन्तरक्रिया कार्यक्रम प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको स्वीकृत वार्षिक कार्यक्रमको लक्ष्य अनुरूप सम्पन्न भएको छ । विश्व पुस्तक दिवस तथा विश्व प्रतिलिपि अधिकार दिवसका बारेमा विद्यार्थीहरूलाई बुझाउन यस कार्यक्रम सफल भएको महसुस गरियो । नेपालमा प्रतिलिपि अधिकार संरक्षणका सन्दर्भमा हालसम्म भएका गतिविधिहरूका बारेमा सहभागीहरूलाई जानकारी गराउनुका साथै विश्व पुस्तक दिवसको सुरूवात र महत्वको बारेमा समेत जानकारी गराउन कार्यक्रम उपलब्धिमूलक भयो । यस कार्यक्रमबाट विद्यार्थीहरूमा पुस्तकको महत्वका बारेमा ज्ञान अभिवृद्धि भएको थियो । यस्ता कार्यक्रमहरू कार्यालयबाट निरन्तर रूपमा सञ्चालन गर्नु पर्ने आवश्यकता समेत महसुस गरियो ।

## विश्व बौद्धिक सम्पत्ति दिवस (World Intellectual Property Day-2025)




बौद्धिक सम्पत्ति सम्बन्धी अधिकारको महत्व र सोको संरक्षण प्रति जनचेतना फैलाउने र नवप्रवर्तन तया सिर्जनशिलताको सम्मान गर्ने उद्देश्यले हरेक वर्ष मनाउँदै आइरहेको विश्व बौद्धिक सम्पत्ति दिवस यस वर्ष पनि भव्य रूपमा २०८२ वैशाख १३ (April, 26) गते सम्पन्न भयो । उद्योग विभाग र नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको संयुक्त आयोजनामा आयोजित कार्यक्रमको अध्यक्षता बाणिज्य सचिव गोविन्द बहादुर कार्कीले गर्नुभएको थियो । त्यसैगरी कार्यक्रमको प्रमुख आतिथ्यता माननीय उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीले गर्नु भएको थियो भने कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचित्र विनोद प्रकाश सिंहको समेत उपस्थिति रहेको थियो । कार्यक्रममा उद्योग विभागका महानिर्देशक राजेश्वर ज्ञवालीले अतिथि एवम् उपस्थित महानुभावहरूलाई स्वागत गर्दै कार्यक्रमको जानकारी गराउनुभएको थियो । कार्यक्रममा जम्मा दुई वटा कार्यपत्र प्रस्तुत गरिएको थियो । प्रतिलिपि अधिकारको वर्तमान अवस्थाको सम्बन्धमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार सबिता कार्कीले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने पेटेन्ट, डिजाइन, ट्रेडमार्कको वर्तमान अवस्थाको सम्बन्धमा उद्योग विभागका तर्फवाट ई. शैलजा श्रेष्ठले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । साथै कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव विनोद प्रकाश सिंह, उद्योग बाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकाल र बौद्धिक सम्पत्ति संरक्षण समाज नेपालका अध्यक्ष विसु कुमार के.सी. लगायतले दिवसको शुभकामना सहित मन्तव्य राख्नु भएको थियो ।

# विश्व संगीत दिवस २०२५ (World Music Day-2025)








विश्व संगीत दिवसको अवसरमा मिति २०८२ आषाढ ७ गते (21 June) नेपाल हाउस, हात्तीसार, काठमाडौंमा नेपाल सांगीतिक संघ र यस कार्यालय लगायतको संयुक्त आयोजनामा विश्व संगीत दिवस समारोह भव्यरुपमा सम्पन्न भयो । सम्पूर्ण संगीतकर्मीहरू एकजुट भई आफ्नो सृजनाहरूको अधिकार, सुरक्षा, बौद्धिक सम्पत्ति सम्बन्धी छलफल तथा प्रतिलिपि अधिकारको बारेमा जानकारी गर्ने गराउने साथै विश्व संगीत दिवसको शुभकामना आदान प्रदान गर्ने एवं वरिष्ठ कला साधकहरूलाई सम्मान गर्ने उद्देश्यले आयोजना भएको उक्त कार्यक्रमको प्रमुख आतिथ्यता माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्री पाण्डेले गर्नु भएको थियो । नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रारले कार्यक्रममा सहभागीहरूलाई स्वगत एवं पुरस्कृत हुनुहुने महानुभावहरूलाई बधाई दिदै नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले गरिरहेको कामको बारेमा जानकारी गराउनु भएको थियो । कार्यक्रममा शास्त्रीय र आधुनिक तर्फका गायक, वाद्यवादकहरू, वरिष्ठ गीतकार, संगीतकार, नृत्यकार साहित्यकारका साथै विभिन्न क्षेत्रमा ख्याति कमाएका राष्ट्रिय व्यक्तित्वहरू सहित करिब ११० जनाभन्दा बढीको उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा विभिन्न स्रष्टाहरूलाई प्रमुख अतिथिबाट पुरस्कार तथा सम्मानपत्र प्रदान गरिएको थियो । स्रष्टा सर्जकहरूबाट गीत, संगीत तथा नृत्य प्रस्तुत गरी उक्त कार्यक्रम भव्यरूपमा सम्पन्न भएको थियो ।

# प्रस्तोता, ध्वनिअंकन उत्पादक र प्रसारण संस्थाहरूको अधिकार संरक्षण सम्बन्धी अन्तराष्ट्रिय महासन्धि (रोम महासन्धि, १९६१) को नेपाल पक्ष राष्ट्र बन्ने सम्बन्धमा प्रारम्भिक अध्ययन प्रतिवेदन उपर छलफल तथा अन्तरक्रिया कार्यक्रम

कार्यक्रममा प्रस्तोता, ध्वनिअङ्कन उत्पादक र प्रसारण संस्थाहरूको अधिकार संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (रोम महासन्धि, १९६१) को विश्लेषणात्मक अध्ययन विषयमा Center for Intellectual Property Nepal Pvt. Ltd. का कार्यकारी निर्देशक एवं अधिवक्ता राजकुमार सुवालले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यपत्र प्रस्तुतीमा रोम महासन्धिका मुख्य प्रावधानहरूको विषयमा समेत प्रकाश पार्नु भएको थियो । यसै गरि नेपाल वर्न महासन्धिको पक्षराष्ट्र बनिसकेको सन्दर्भमा रोम महासन्धिको पक्षराष्ट्र बन्नुपर्ने आवश्यकता तथा महासन्धिको पक्षराष्ट्र हुँदा हुने फाइदा तथा राज्यको तर्फबाट गर्नुपर्ने दायित्व, कानूनी तथा नीतिगत व्यवस्था र पर्न सक्ने आर्थिक दायित्व सम्बन्धमा समेत विश्लेषणात्मक छलफल भएको थियो । प्रस्तुतीकरण पश्चात् सहभागीहरूबाट राखिएको जिज्ञाशाहरूलाई कार्यपत्र प्रस्तुतकर्ताबाट सम्बोधन भएको थियो ।

कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्ड्यन मन्त्रालय, संस्कृति महाशाखा प्रमुख सहसचिव डा. सुरेश सुरश श्रेष्ठ, नीति अनुसन्धान प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा.डा.लेखनाथ शर्मा, रोम महासन्धिको नेपाल पक्षराष्ट्र बन्ने सम्बन्धमा गठित अध्ययन समितिका सदस्यहरू, अर्थ मन्त्रालय, उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग विभाग एवं संस्कृति, पर्यटन तथा नागरिक उड्ड्यन मन्त्रालयका प्रतिनिधिहरू, सामूहिक व्यवस्थापन संगठन (CMO's) का सदस्यहरू, प्रसारण संस्थाका प्रतिनिधिहरू तथा कार्यालयका कर्मचारीहरू लगायत ५० जनाको सहभागिता रहेको थियो । रजिष्ट्रार सबिता कार्कीले अध्यक्षता गर्नु भएको उक्त कार्यक्रम शाखा अधिकृत अशेष तामाङले सञ्चालन गर्नु भएको थियो । कार्यक्रममा छलफलका क्रममा संगीत रोयल्टी संकलन संस्थाका अध्यक्ष सुरेश अधिकारीले स्रष्टाहरू सबैको अधिकारको संरक्षण गर्नु अति आवश्यक रहेको र एक प्रकृतिका स्रष्टाको अधिकार संरक्षण गर्ने क्रममा अर्को प्रकृतिका स्रष्टाको अधिकारलाई असर नहुने र सबैको अधिकार संरक्षण हुने गरी अन्तर्राष्ट्रिय महासन्धिहरू अनुमोदन गर्नु पर्ने र सोही मर्मबमोजिम राष्ट्रिय कानूनहरू निर्माण गर्नु पर्ने भन्दै प्रस्तोता ध्वनिअङ्कन उत्पादक तथा प्रसारण संस्थाको अधिकार संरक्षण सम्बन्धी महासन्धिमा नेपाल पक्ष राष्ट्र बन्नु पर्ने धारण राख्नु भएको थियो । यसै गरी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका उपसचिव रमिला भण्डारीले रोम महासन्धिको पक्ष राष्ट्र हुँदा नेपाललाई पर्न सक्ने प्रशासनिक तथा वित्तीय दायित्वका बारेमा जिज्ञासा राख्नु भएको थियो । यसै छलफलको क्रममा प्रा.डा.लेखनाथ शर्माले AI को बढ्दो प्रयोगमा सिर्जना र सर्जकको परिभाषा बीचको फरकमा भविष्यमा देखिन सक्ने द्विविधा समेतको अध्ययन गरी रोम महासन्धिको पक्ष राष्ट्र हुँदा भविष्यमा सहज हुने भनि आफ्नो धारणा राख्नु भएको थियो । यसै गरी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव डा. सुरेश सुरश श्रेष्ठले महासन्धि अनुमोदन गर्दा छिमेकी देशले गऱ्यो, गरेन भन्दा पनि हामीले



गर्ने, नगर्ने भन्ने कुरा विशेष रहेको रोम महासन्धिको पक्ष राष्ट्र हुँदा आरक्षणको आवश्यकता नपर्ने तथा तर्जुमा हुँदै गरेको नयाँ प्रतिलिपि अधिकार ऐनमा छुटफुट भएका विषय समेत समेट्न सकिने भएकाले प्रकृयागत रूपमा सक्दो छिटो यस कार्यलाई अगाडि बढाउन प्रयास गर्ने छौं भन्नु भएको थियो । अन्तरक्रिया कार्यक्रमका अध्यक्ष तथा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार सबिता कार्कीले अन्तरक्रिया/ छलफलमा उठेका विषयहरूलाई समावेश गरी नीति अनुसन्धान प्रतिष्ठानबाट अन्तिम प्रतिवेदन प्राप्त भएपछि नेपाल पक्ष राष्ट्र बन्नका लागि आवश्यक प्रकृया अगाडी बढाउने जानकारी दिँदै कार्यक्रममा उपस्थित भई सक्रिय सहभागिता जनाई कार्यक्रम सफल पार्न सहयोग पुऱ्याउनु भएकोमा अतिथिहरू लगायत सम्पूर्ण सहभागीहरू प्रति धन्यवाद दिँदै कार्यक्रम समापन गर्नु भएको थियो ।

## नेपाल भ्रमणमा आएका World Intellectual Property Organization (WIPO) को प्रतिनिधिमण्डलसँग भेटघाट तथा छलफल



नेपाल भ्रमणमा आएका World Intellectual Property Organization (WIPO) को प्रतिनिधिमण्डलसँग संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय संस्कृति महाशाखा प्रमुख डा. सुरेश सुरश श्रेष्ठको नेतृत्वमा संस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्रालय, संस्कृति महाशाखाका कर्मचारीहरू र नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार सबिता कार्की लगायत कार्यालयका अन्य कर्मचारीहरूको समेत उपस्थितिमा शिष्टाचार भेटघाट तथा छलफल भएको थियो । उक्त भेटमा सन् २०२५-२६ को लागि WIPO Country Specific Graduation Support Package कार्यक्रमको विषय लगायत अन्य समसामयिक विषयमा छलफल भएको थियो । सोही प्रतिनिधिमण्डलले नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको स्थलगत भ्रमण गरी कार्यालयको काम, सामूहिक व्यवस्थापन संगठन (CMOs) को विद्यमान अवस्था लगायत अन्य विविध विषयमा समेत छलफल भएको थियो ।



## मिति २०८२ आषाढसम्म यस कार्यालयमा विभिन्न विधामा दर्ता भएका रचनाहरूको विवरण:

| सि.नं | विधा | २०८१ आषाढ मसान्त सम्मको रचना दर्ता | आ.व. २०८१/८२ मा भएको रचना दर्ता | आ.व. २०८१/८२ को आषाढ सम्मको कुल रचना दर्ता |
|---|---|---|---|---|
| १ | साहित्य (स्कृपट, बुक, गीतका शब्द पटकथा) | २०२७ | २०८ | २२३५ |
| २ | म्यागजिन प्रकाशन | ३ | १ | ४ |
| ३ | अनुवाद रचना | ५ | ० | ५ |
| ४ | आर्ट/ पेन्टिङ | १६९ | २ | १७१ |
| ५ | ध्वनिअङ्कन | २६४ | १७ | २८१ |
| ६ | आर्किटेक्ट नमुना | ४७ | ० | ४७ |
| ७ | काष्ठकला, धातुकला, मूर्तिकला, डिजिटल आर्ट | ९४ | ० | ९४ |
| ८ | कम्प्युटर सफ्टवेयर | ७० | ६ | ७६ |
| ९ | प्रस्तुति रचना, श्रव्य दृश्य रचना | १३ | ० | १३ |
| १० | फोटोग्राफी | ५० | ० | ५० |
| ११ | शोधपत्र | ९ | ५ | १४ |
| १२ | चलचित्र / वृत्तचित्र | १४ | ० | १४ |
| १३ | वैज्ञानिक लेख रचना | १८ | ० | १८ |
| १४ | नाटक, नाट्य सङ्गीत, मूक चित्र | १२ | ० | १२ |
| | **कुल जम्मा** | **२७९५** | **२३९** | **३०३४** |

### गीत-संगीतको प्रयोग तथा पुन: प्रयोग सम्बन्धमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको अनुरोध

बौद्धिक सम्पत्ति अन्तर्गत गीत-संगीतमा सम्बन्धित गीतकार, संगीतकार, गायक/गायिका, रेकर्डिङ्ग संस्थाको र चलचित्रका गीतमा निर्माताको अधिकार हुने हुँदा गीतको हस्तान्तरण, पुनरूत्पादन र प्रयोगमा लिखित सम्झौता गर्नु पर्दछ । अधिकारधनीको लिखित सहमति बिना गीत-संगीतको रिमिक्स गर्ने वा लय चोर्ने, गीतका बोलहरु तोडमोड गर्ने, पुनरूत्पादन गर्ने जस्ता कार्य प्रतिलिपि अधिकार ऐन, २०५९ अनुसार दण्डनीय हुन्छन् । तसर्थ सिर्जनाको सम्मान गरी सजाय र क्षतिपूर्तिबाट बचौं ।

## नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय, नारायणहिटी, काठमाडौं कर्मचारी विवरण

| क्र.सं. | कर्मचारीको नामथर | पद | फोन नं. | इमेल |
|---|---|---|---|---|
| १ | श्री सबिता कार्की | रजिष्ट्रार | ९७६५९७८९६२ | karkigsabita40@gmail.com |
| २ | श्री उत्तम प्रसाद दवाडी | कम्प्युटर अधिकृत | ९८१३२५५४९० | updawadi@hotmail.com |
| ३ | श्री अशेष तामाङ | शाखा अधिकृत | ९८६३७३०५६७ | ashestmg@gmail.com |
| ४ | श्री सुनिता अर्याल | कानून अधिकृत | ९८४१७०५२०५ | aryalsunita35@gmail.com |
| ५ | श्री कमलराज पौडेल | लेखापाल | ९८५५०४५५३२ | pkamalraj2033@gmail.com |
| ६ | श्री लिला देवी रेग्मी | नायव सुब्बा | ९८४१८६०५९३ | lila.walkman93@gmail.com |
| ७ | श्री सुशिला के. सी. | नायव सुब्बा | ९८५११७४१८९ | kcshushila11@gmail.com |
| ८ | श्री मदन बिमली | नायव सुब्बा | ९८५१२७६००० | madanbimali30@gmail.com |
| ९ | श्री लक्ष्मण श्रेष्ठ | ह.स.चा. | ९८४१९०६५९७ | |
| १० | श्री अस्मिता बास्तोला | कार्यालय सहयोगी | ९८४९११२६७८ | |
| ११ | श्री अनिल लामिछाने | कार्यालय सहयोगी | ९८६१२९२०८६ | |

### प्रतिलिपि अधिकार संरक्षण गर्न तथा संभावित दण्ड सजायबाट बच्न देहायको सचेतना अपनाऔं

- नयाँ बौद्धिक र मौलिक सिर्जना गर्न बानी बसालौं ।
- कसैको साहित्यिक रचनाको उद्दरणको नियम बाहिर गई ठूलो अंशमा साभार तथा उल्लेख्य मात्रामा फोटोकपी गर्ने, अरुका फोटोजन्य रचनालाई आफ्नो नाममा छपाउने, अरुका सांगीतिक सिर्जनाको डबिङ्ग गरी पुनः उत्पादन तथा अनुमति बिनै रिमिक्स गर्ने, अर्काको कम्प्युटर सफ्टवेयरको नक्कल गरी निकाल्ने तथा कुनै चलचित्रको गैरकानुनी उत्पादन र बिक्री वितरण गरी आयआर्जन गर्ने लगायतका वास्तविक स्रष्टालाई क्षति पुग्ने कार्य नगरौं ।
- अरुका सिर्जनालाई आफ्नो दाबी गर्न तथा प्रशारणपूर्व सम्पूर्ण स्रष्टाको नाम उल्लेख नगर्ने परम्परा त्यागौं ।
- आफ्ना रचना नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयमा दर्ता गरौं ।
- आफ्ना सिर्जनाहरू कसैले अनधिकृत तवरले उपयोग गरी फाइदा लिए नलिएको सम्बन्धमा सधैं चनाखो बनौं ।
- अधिकार उल्लंघनका विरुद्ध प्रहरी कार्यालयमा उजुरी गर्ने गरौं ।
- प्रतिलिपि अधिकार र तत्सम्बन्धी अधिकारको सम्बन्धमा जति सक्दो धेरैलाई जानकारी दिन आवश्यक प्रचारप्रसार गरौं ।
- स्रष्टा र तिनका सिर्जना राष्ट्रका अमूल्य निधि भएकोले यिनको सम्मान खातिर जुटौं ।
- रचनाहरूको सार्वजनिक तथा व्यवसायिक प्रयोग वापत रोयल्टी उठाई वितरण गर्ने प्रयोजनले गठन भएका रोयल्टी संकलन संस्थाहरूको सदस्य बनौं ।
- सक्कली सिर्जनाहरूको मात्र प्रयोग गरी स्रष्टाको जिविकोपार्जन एवं प्रतिलिपि अधिकार संरक्षण गर्ने राज्यको दायित्वमा टेवा पुऱ्याऔं ।

## प्रतिलिपि अधिकार भनेको के हो ?

साहित्य, कला, ज्ञानविज्ञान, सूचना प्रविधि तथा अन्य क्षेत्रमा मौलिक एवं बौद्धिक रूपले सिर्जना गरिएका रचना तथा ध्वनीअंकन, प्रस्तुति र प्रसारण जस्ता क्षेत्रमा स्रष्टालाई कानूनद्वारा प्रदान गरिने एकलौटी अधिकारलाई प्रतिलिपि अधिकार भनिन्छ । रचनाको उत्पादन, पुनरूत्पादन सर्वसाधारणमा प्रसार, अनुकरण, संयोजन, अनुवाद, परिमार्जन तथा संशोधन गर्न पाउने स्रष्टाको अधिकार समुच्च अधिकार नै प्रतिलिपि अधिकार हो र बौद्धिक सम्पत्तिको मुख्य अंशको रूपमा रहेको प्रतिलिपि अधिकारलाई विश्वव्यापी संरक्षण दिने प्रयास भइरहेको छ ।

## कस्ता सिर्जनाहरूको प्रतिलिपि अधिकार संरक्षण हुन्छ ?

साहित्य, सांगीतिक, कलात्मक नक्सा तथा प्राविधिक चित्र, फोटोग्राफी, चलचित्र, कम्प्युटर प्रोग्राम, मल्टिमिडिया उत्पादन जस्ता सिर्जनामा स्रष्टाको प्रतिलिपि अधिकार संरक्षण हुन्छ । यस अन्तर्गत साहित्यिक रचना (उपन्यास, कथा, कविता, नाटक, निबन्ध आदि) संगीत तथा बाद्यवादन खाका चित्रण, ललितकला कालिगढी निर्माण, डिजाइन जस्ता कला लगायतका सिर्जनाहरु पर्दछन् ।

कम्प्युटर सफ्टवेयर निर्माता, वेबसाइट सर्जक, मल्टिमिडिया व्यवसायी, विज्ञापन एजेन्सीहरु, रेडियो स्टेशनहरु, प्रकाशन गृहहरु र टेलिभिजन च्यानलहरूले प्रतिलिपि अधिकारयुक्त वस्तुको नियमित रूपमा सिर्जना र उपयोग एवं प्रसारणको कार्य गर्दछन् । त्यस्ता अधिकारयुक्त सामग्रीहरूको साथै कम्पनीका विज्ञापनहरूको कार्यविधि सम्बन्धी जानकारीमूलक रचना पनि संरक्षित हुन्छन् । प्रतिलिपि अधिकार संरक्षण हुन सिर्जनाको शब्दावली लेखन, सांगीतिक नोट एवं कम्प्युटर कोडिङ, डिजाइन, पेन्टिङ्ग आदि कुनै माध्यमबाट प्रस्तुत गरिएको हुन सक्छ ।

## सामूहिक व्यवस्थापन संगठन (CMOs) : चिनारी

प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा ३९ बमोजिम प्रतिलिपि अधिकार सम्बन्धी रचनाको रोयल्टी निर्धारण गर्ने, सङ्कलन गर्ने, सङ्कलित रोयल्टी वितरण गर्ने प्रयोजनको लागि विधागतरूपमा रोयल्टी सङ्कलन संस्था दर्ता गर्न सकिने व्यवस्था छ। यसरी दर्ता भई कार्य गर्ने सामूहिक व्यवस्थापन सङ्गठन (CMOs) ले व्यक्ति सरह चलअचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचविखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न र व्यक्ति सरह नालिस उजुर गर्न वा सोही नामबाट नालिस उजुरी लाग्न सक्ने व्यवस्था छ। प्रतिलिपि अधिकार नियमावली, २०६१ को नियम ८ बमोजिम उल्लिखित संस्थाले दर्ता प्रमाणपत्र प्राप्त गर्ने, नियम ९ बमोजिम नवीकरण गर्न सक्ने र नियम १० मा काम कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ।

## नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयमा दर्ता भएका सामूहिक व्यवस्थापन संगठन (CMOs)

क. सङ्गीत रोयल्टी सङ्कलन समाज नेपाल (MRCSN)

ख. सङ्गीत तथा चलचित्र उत्पादक समाज नेपाल (MFPSN)

ग. प्रस्तोता समाज नेपाल (PSN)

## अनलाईन प्रणाली मार्फत रचना दर्ता:

### System.nepalcopyright.gov.np लगइन गरेर रचना दर्ता गर्न सकिने:

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय, मुख्य कार्यको रूपमा रहेको रचना दर्ता प्रक्रियामा सहभागी हुन इच्छुक सर्जकहरूले स्थापना काल देखिनै कार्यालयमा नै आएर तोकिए बमोजिमको आवेदन फर्म भरी सहिछाप गरेर आफ्नो सृजना दर्ता गराउँदै आइएको थियो । यस कार्यालयले आ.व. २०७९।८० बाट अनलाइन रचना दर्ता व्यवस्थापन प्रणाली तयार गरी सञ्चालनमा ल्याइएको छ । विद्युतीय माध्यमबाट system.nepalcopyright.gov.np मार्फत स्वयम निवेदकले नै मोवाईल नं. र इमेल एकाउन्ट प्रयोग गरी प्रयोगकर्ता खाता सृजना गरी प्रतिलिपि अधिकार दर्ताका लागि अनलाइन रजिष्ट्रेशन गर्न मिल्ने गरी प्रणाली विकास गरिएको छ । रचना दर्तासँग सम्बन्धित श्रष्टा तथा सर्जकहरूले कार्यालयमा नै पुगेर आफ्नो सिर्जना दर्ता गर्ने गराउने गर्दै आएको सन्दर्भमा उक्त कार्यलाई सरल, सहज र समयानुकूल एवं प्रविधि मैत्री बनाउने उद्देश्यले हाल अनलाइन पद्धति अपनाइएको हो । यस कार्यबाट नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले प्रदान गर्ने सेवा छिटो, छरितो र प्रविधिमैत्री भई नेपाल सरकारले परिकल्पना गरेको नयाँ सार्वजनिक सेवाको अवधारणा अनुरूप शासन प्रणालीमा थप टेवा पुग्ने अपेक्षा गरिएको छ ।

## अनलाईन माध्यमबाट रचना दर्ता गर्ने प्रकृया:

nepalcopyright.gov.np को Online Apply मा क्लिक गरी तल उल्लेख गरेबमोजिम गर्ने

### व्यक्तिगत दर्ताका लागि-

१. पासपोर्ट साईजको फोटो Scan Copy– JPG/ JPEG Format

२. नागरिकताको प्रमाणपत्रको अगाडि भाग र पछाडी भाग

### संस्थागत दर्ताका लागि-

१. संस्था दर्ता प्रमाणपत्र

२. दर्ता प्रबन्धपत्र, नियमावली, कर चुक्ता प्रमाणपत्र

३. कम्पनीको आधिकारिक छाप –scan

४. विधान

### Web or App को कपिराइट दर्ता का लागि

- सफ्टवेयर/एपको हकमा Version no. & Version Date, कपिराइट संरक्षण हुनुपर्ने भागको coding सहित को PDF file, व्यक्ति/कम्पनीको निवेदन सहित अपलोड गर्नुपर्नेछ ।

## अन्य रचना दर्ता:

- संयुक्त रूपमा रचना गरी सामुहिक प्रतिलिपि अधिकार दर्ताका लागि निवेदन गर्ने भए अन्य सबै रचनाकारको नागरिकता प्रमाणपत्रको Scan file सहित रचनामा उनीहरूको भूमिका समेत खुलाउने ।
- कम्पनी/संस्था वा तेश्रो पक्ष (अन्य व्यक्ति) ले कपिराइटका लागि निवेदन गरेमा रचनाकार/निर्माता/Developer बाट कपिराइटका लागि संस्था/कम्पनीलाई दिएको सहमति पत्र समेत पेस गर्नु पर्नेछ ।

## राजस्व भुक्तानीको प्रकृया:

- ✦ revenue.fcgo.gov.np को साइटमा Log in गरी वा “नयाँ प्रयोगकर्ता” बनेर सङ्घीय कार्यालय अन्तर्गत काठमाडौं जिल्ला छनौट गरी नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय (कोड ३२५०४३५०१) छानेर राजस्व शीर्षक (१४२२९/- अन्य प्रशासनिक सेवा शुल्क) मा रचनाको नाम र रचयिताको नाम उल्लेख गरी e–sewa, Connectips, khalti मध्ये कुनै पनि माध्यमबाट प्रत्येक रचनाको लागि रु. ११०/- तिरेको वा राष्ट्रिय वाणिज्य बैंकमा सोही व्यहोराको भौचर तयार गरी अपलोड गर्ने ।
- ✦ तोकिएको रचनाको pdf/ ध्वनिअङ्कन वा भिडियोको प्रति अपलोड गर्ने <100MB.
- ✦ रचनामा आफ्नो भूमिका (लेखन, गायन, सङ्गीत, अभिनय/निर्माण/उत्पादन आदि ) उल्लेख गर्ने ।
- ✦ थप प्रमाण पुष्ट्याईंको कागजात भए सोको समेत Supporting files अन्तर्गत Submit गर्ने ।
- ✦ रचनाको सृजनामा निवेदक बाहेक अन्य पक्षको संलग्नता भए निजहरूको समेत सहमति पत्र अनिवार्य Upload गर्ने ।

**नोट:** संलग्न गरीएको कपिराइट फाइलको Cover Page मा रचनाकारको परिचय खुलाउनुपर्ने छ। रचनामा साहित्यिक नाम राखेका रचनाकारले आफ्नो नाम सम्बन्धमा स्व-घोषणा समेत पेस गर्नुपर्नेछ ।

सम्पर्कको लागि फोन नं. ०१-४५३९३०५ वा इमेल info@nepalcopyright.gov.np

## नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको अनुरोध:

साहित्यिक तथा कलात्मक रचना, ध्वनिअङ्कन, प्रस्तुति वा प्रसारण रचनामा रचनाकारको हक संरक्षण हुने व्यवस्था प्रतिलिपि अधिकार ऐन, २०५९ ले गरेको हुँदा रचनाको प्रयोग गर्दा निम्नानुसारका विषयमा सतर्कता अपनाउनु हुन अनुरोध छ ।

- कसैले तयार गरेको साङ्गीतिक रचनामा अनुमति नलिई तोडमोड वा रिमिक्स गर्नु हुँदैन ।
- चलचित्रको पुरै वा आंशिक अंश चलचित्रको उत्पादकको अनुमति नलिई पुनरुत्पादन गर्नु हुँदैन ।
- फोटोजन्य रचनाको प्रयोग गर्दा फोटोग्राफरको अनुमति लिनु पर्दछ ।
- पुस्तक, लेख वा रचनाको पुरै वा कुनै अंशको प्रयोग गर्दा वा त्यस्तो रचनाको फोटोकपी गरी व्यापार गर्दा लेखक तथा प्रकाशकको अनुमति लिनु पर्दछ ।
- प्रसारण संस्थाले आफैले तयार गरी प्रसारण गरेको सामग्री अरूले आफ्नो सामग्री बनाई प्रसारण गर्नु हुँदैन ।

अनुमति विना त्यस्तो कार्यहरू गर्नु दण्डनीय अपराध भएको हुँदा अधिकार धनीको अनुमति लिएर मात्र रचनाको प्रयोग गर्नु गराउनु हुन अनुरोध छ ।

**प्रतिलिपि अधिकार बुलेटिन नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयबाट नि:शुल्क वितरण गरिन्छ । यस बुलेटिनका सम्बन्धमा यदि तपाईको कुनै जिज्ञासा वा सुझाव छ भने हामीलाई यस ठेगानामा सम्पर्क गर्न नबिर्सनुहोला ।**

रचना दर्ता प्रणालीको लागि
Scan गर्ने QR Code

**Nepal Copyright Registrar's Office**
Narayanhiti, Kathmandu, Nepal
Tel : 977-1-4539305, 4539306 • Fax: 977-1-4539309, P.O. Box : 430
E-Mail: info@nepalcopyright.gov.np • Web Page: nepalcopyright.gov.np